# आ.व.२०७४।७५ को सुरुङ्गा नगरपालिकाको प्रथम नगरसभामा प्रस्तुत नीति तथा कार्यक्रम

**नगरसभाको अध्यक्षता गर्नु हुने उपप्रमुख ज्यू,**

**नगर सभाका सदस्यज्यूहरु**

१. नेपालको संविधान २०७२ सालमा जारी भै संविधानको कार्यान्वयनको क्रममा स्थानीय तहको निर्वाचन २०७४ मा भए अनुसार यस नगरपालिकाको पनि २०७४ असोज २ गते निर्वाचन सम्पन्न भएको थियो । उक्त निर्वाचनमा सक्रिय ढंगले सहभागि भई शान्तिपुर्ण रुपले निर्वाचन सम्पन्न गराउन सहयोग गर्नुहुने राजनैतिक दल, मतदाता, सुरक्षाकर्मी, निर्वाचनमा खटिएका सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु, संघ संस्था तथा संचारकर्मी लगायत सबै पक्षलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

२. नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाका लागि विभिन्न कालखण्डका आन्दोलन तथा मधेश आन्दोलनकाक्रममा जनताका अधिकार र मुक्तिका लागि आफ्नो ज्यान उत्सर्ग गर्नु हुने सम्पूर्ण शहीद प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु साथै आन्दोलनका क्रममा घाईते हुनु भएका घाईतेहरुको स्वास्थ्यलाभको कामना गर्दछु ।

३. यस नगरपालिकाको निर्वाचनमा हामीलाई मतदान गरी निर्वाचित गराउनु हुने सम्पूर्ण मतदाताहरु प्रति हार्दिक आभार व्यक्त गर्दै नगरसभा बाट धन्यवाद ज्ञापन गर्दछु ।

४. स्थानीय तहको वास्तविकता, समस्या र सबलता बारेमा स्थानीय जनता नै विज्ञ हुन्छन् र उनीहरूले गरेको निर्णय नै बढी यथार्थवादी, पूर्ण र प्रभावकारी एवम् आर्थिक रूपमा मितव्ययी हुन्छ भन्ने अवधारणामा विकेन्द्रीकरण सिद्धान्त आधारित रहेको छ ।

५. स्थानीय निकायहरुमा निर्वाचित जन प्रतिनिधिको कार्यकाल २०५९ असार मसान्तमा समाप्त भएको थियो । त्यती बेला मुलुक द्वन्द ग्रस्त थियो । २०६३ मंसिरमा भएको विस्तृत शान्ति सम्झौताले मुलुकलाई शान्ति प्रकृयामा अघि बढ्न मार्ग प्रसस्त गर्‍यो । नेपालको अन्तरिम संविधान, २०६३ जारी भयो । संविधान सभाको निर्वाचन सम्पन्न भयो । जनतामा नयाँ उत्साह पैदा भयो । तर निर्धारित समयमा नयाँ संविधान बन्न सकेन । संविधान सभा विघटन भयो । स्थानीय निकायको निर्वाचन अपरिहार्य हुँदा हुँदै पनि त्यो भन्दा प्राथमिकताको विषय दोस्रो संविधान सभाको निर्वाचन हुनु स्वभाविकै थियो जुन २०७० मार्ग ४ गते सम्पन्न भयो । फलस्वरुप २०७२ साल असोज ३ गते नेपालको संविधान जारी भयो ।

६. स्थानीय तहहरु जनताको मागलाई सम्बोधन गर्ने केन्द्र हुन् । विकेन्द्रीकरणको निक्षेपण ढाँचाबाट अभिप्रेरित स्थानीय तहले सहभागितामूलक पद्धतिबाट नीति र विधि निर्धारण गर्दछन् ।

७. नेपाल सरकारको मिति २०७३।११।२७ को निर्णय अनुसार गठीत यो नगरपालिकाले साविकका विभिन्न १० वटा गा.वि.स.हरु समायोजन भई ११ वटा वडा मार्फत सेवा प्रवाह गरि रहेको छ ।

८. निर्वाचित जनप्रतिनिधि र नगरपालिका दुवै नयाँ भएकोले स्थानीय सरकारलाई प्राप्त कार्यकारिणी, विधायीकी र न्यायिक अधिकारको प्रयोग र कार्यान्वयनमा थुप्रै चुनौतिहरु रहेका छन् । नगरले आगामी दिनमा लिने नीति, कानून र कार्यविधिहरु निर्माण गरी कार्यान्वयन गर्नु र विधिको शासन कायम गर्नुपर्ने टड्कारो आवश्यकता रहेको छ ।

९. प्रकृतिक श्रोत र साधनले सम्पन्न यस नगरपालिकालाई अवको पाँच वर्षमा मापदण्डको आधारमा व्यवस्थित हरियाली सहितको नगरको रुपमा विकास गर्न वस्तिहरुलाई व्यवस्थित गर्दै लगिने छ ।

१०. आवधिक नगर विकास योजना (एकीकृत नगर विकास योजना) बनाई नगरपालिकाको दीर्घकालीन सोंच र लक्ष्यको आधारमा विकास निर्माण कार्यलाई योजनाबद्ध बनाउदै लगिने छ ।

११. नगर यातायात गुरुयोजना बनाई नगरको सडक तथा यातायात विकासलाई दीर्घकालिन रुपमा व्यवस्थित गर्दै लगिने छ ।

१२. नगर भित्रका साना तथा ठूला खोला नालामा सडक पुलको निर्माणका लागि यसै वर्षबाट सम्भाव्यता अध्ययन (DPR) कार्यको थालिने छ ।

१३. स्थानीय नेतृत्व र शासन पद्दतीलाई सुदृढ गर्दै आर्थिक, सामाजिक, भौतिक, साँस्कृतिक, भाषिक, पर्यटन क्षेत्र लगायत सबै क्षेत्रको विकास गर्नु नगरको प्रमुख उद्धेश्य राख्दै सुरुङ्गा नगरपालिकाले अवलम्वन गर्ने आर्थिक वर्ष २०७४।७५ को लागि देहाय वमोजिमको नीति तथा कार्यक्रम प्रस्तुत गरेको छु ।

**आदरणीय सदस्यज्यूहरु,**

**अव म आर्थिक वर्ष २०७४।७५ मा नगरपालिकाले लिने विषयक्षेत्रगत निति तथा कार्यक्रमहरु यस गरिमामय सभामा प्रस्तुत गर्दछु ।**

## १. संस्थागत विकास तथा सुशासन

संस्थागत विकास र सुशासन स्थानीय शासनको आधार स्तम्भहरू हुन् । सार्वजनिक निकायहरुले संस्थागत विकास र सुशासनको प्रत्याभूति दिन सकेमा मात्र स्थानीय सरकारको जग बलियो भएको मान्न सकिन्छ । नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन २०७४  लगायत सम्बन्धित विषयगत ऐन, नियम, निर्देशिकाले नगर विकासको नेतृत्व गर्ने जिम्मेवारी दिएकोछ । उपरोक्त कानुनले नगर विकास सम्बन्धी गतिविधि सञ्चालन तथा सेवा प्रवाहलाई परिणाममुखी र प्रभावकारी बनाउन नेतृत्वदायी तथा समन्वयकारी भूमिका निर्वाहको अपेक्षा गरेको छ । नगर विकासको विद्यमान स्थितिको चित्रण गर्ने, नगर विकासका सरोकारवाला तथा साझेदार (सरकारी, निजी, गैर सरकारी र नागरिक) बीच समन्वय, सहकार्य तथा साझेदारी विकास गर्ने, स्थानीय तथा वाह्य श्रोत साधनको पहिचान तथा परिचालन गर्ने, नगर विकासका आवश्यकता र संभावनाहरुका आधारमा नगरको रणनीतिक तथा वार्षिक योजना तर्जुमा गर्ने, स्वीकृत कार्यक्रम तथा आयोजनाको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने तथा गराउने, आयोजना तथा कार्यक्रमको नतिजामूलक ढंगले अनुगमन तथा मूल्याङ्कन गर्ने कार्यहरुमा नगरको प्रमुख दायित्व रहेको छ ।

चालू चौधौं योजनाले कानुनी शासनको मूल्य तथा मान्यता अनुरुप नागरिक संलग्नता, जवाफदेहिता, पारदर्शिता र भ्रष्टचारमुक्त अवस्थाको सिर्जना र सञ्चालित विकास कार्य तथा प्रवाहित सेवाको प्रभावकारिता अभिवृद्धि गरी विकास कार्यलाई नतिजामुखी बनाउन जोड दिएकोछ । स्थानीय सरकार संचालन ऐन २०७४ ले नगर विकासका सम्पूर्ण गतिविधि तथा सेवालाई सरल, सुव्यस्थित, सेवाग्राहीमैत्री र जवाफदेही बनाई स्थानीय निकायलाई नागरिक प्रति उत्तरदायी बनाउने व्यवस्था गरेको छ । नगरले सुशासन ऐन २०६४ तथा सो सम्बन्धी नियमावली २०६५ बमोजिम राजनीतिक नेतृत्व र कर्मचारीबीच जिम्मेवारी र कार्य स्पष्ट कीटान गरी नगरसभाबाट स्वीकृत गराउनु पर्ने व्यवस्था गरेको छ । यसर्थ नगरपालिकाले संस्थागत विकास तथा सुशासन कायम गर्न देहाय बमोजिमका नीतिहरू अवलम्बन गर्नेछ :

### १.१. संस्थागत क्षमता विकास

- नगरको सेवा प्रवाह, कार्यसम्पादन र कामकार्वाहीलाई चुस्त र प्रभावकारी बनाउन संगठन र व्यवस्थापन सर्वेक्षण(O&M Survey) गरिनेछ र प्रतिवेदन अनुसार संगठन संरचना, मानव संसाधन विकास तथा संगठन सुधार योजना कार्यान्वयन गरिनेछ ।
- कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन प्रणालीलाई मापनीय सूचकका आधारमा गर्ने प्रणालीको विकास गर्न मूल्याङ्कनका उपयुक्त सूचकहरुको पहिचान गरी मूल्याङ्कन परिणामलाई पूर्वानुमानयोग्य बनाइनेछ ।

- कर्मचारी नियुक्ति गर्ने कार्य उपलब्ध कानूनी व्यवस्था र लैङ्गिक समता तथा सामाजिक समावेशीकरणको रणनीति अनुसार सञ्चालन गरिनेछ ।
- सार्वजनिक सेवा र वस्तुको उत्पादन र वितरणमा संलग्न निजी तथा नागरिक समाजका संस्थाहरुको नियमन, अनुगमन र क्षमता विकास सम्बन्धी नीतिको तर्जुमा तथा आवश्यक संयन्त्रको निर्माण गरिनेछ ।
- सबै कर्मचारी तथा पदाधिकारीहरुको कार्यदक्षता र कार्य व्यवहारमा सुधार गरिनेछ । यसका लागि कर्मचारी तथा पदाधिकारीहरुको आचारसंहिता तर्जुमा गरी कडाइका साथ पालना गरिनेछ ।
- नगरमा NGO/CBO डेस्क स्थापना गरी क्रियाशील बनाइनेछ तथा नियमितरुपमा गैसस तथा समुदायमा आधारित संस्थाले सम्पादन गरेका कार्यहरुको समीक्षा गरिनेछ ।
- सबै कर्मचारीको संगठन संरचना र कर्मचारीको कार्यविवरण तयार गरी कार्यान्वयन गरिनेछ । सबै वडाहरुमा इन्टरनेट जडान गरी Online सेवा लाई प्रभावकारी वनाईने छ । पदाधिकारी तथा वडामा कार्यरत कर्मचारीको क्षमता वृद्दिका लागि कम्प्यूटर प्रशिक्षणको व्यवस्था गरिने छ ।

१.२. श्रोत परिचालन

- स्थानीय निकायलाई स्रोत, साधन र अधिकारको व्यवस्था गरी क्षमता अभिबृद्धि गरिनेछ ।
- नगरको आन्तरिक स्रोतको संकलन तथा परिचालन बारे आवधिक रुपमा अध्ययन गरी प्राप्त सुझावहरुको कार्यान्वयन गरिनेछ ।
- स्थानीय विकास निर्माणका आयोजना तथा कार्यहरुमा स्थानीय स्रोत तथा साधनको अधिकतम प्रयोग तथा परिचालनको लागि प्रयास गरिनेछ ।
- स्थानीय स्रोत, साधन, श्रम, पूँजि, प्रविधि र ज्ञान तथा सीपको अधिकतम र दीगो प्रयोग गरिनेछ ।

## १.३. स्थानीय सुशासन

- विषयगत निकाय, गै.स.स. तथा राजनीतिक पार्टी र नागरिकबीचको सम्बन्धलाई सुमधुर बनाउन आवश्यक अन्तरिक्रया तथा वहस कार्यक्रम सञ्चालन गरिनेछ ।
- स्थानीय सुशासन अभिबृद्धि तथा सेवा प्रवाहको गुणस्तरियता तथा प्रभावकारितका लागि क्षतिपूर्ति सहितको नागरिक वडापत्रको व्यवस्था र पालना, अनुगमन, सार्वजनिक परीक्षण,सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण आदि कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गरिनेछ । यस्ता कार्यक्रमको संचालन तथा सहजीकरणमा नागरिक समाजका संस्था एवं समुदायमा आधारित संस्थाहरुलाई परिचालन गरिनेछ ।
- नगरपालिका, वडा तथा अन्य विषयगत तहहरु र गैर सरकारी निकायहरुमा सेवाग्राहीहरुको गुनासोको अभिलेख राखिनेछ र गुनासो सुनुवाई संयन्त्रलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ ।
- नगरस्तरीय सेवाहरु सूचना प्रविधिमा आधारित भई छिटो छरितो ढंगले प्रवाह गरिनेछ । कार्यालय सम्बन्धी विभिन्न समसामयिक सूचनाहरु नगरपालिकाको वेबसाइटमा राखी नियमित अद्यावधिक गरिनेछ । साथै सबै विषयगत शाखा तथा कार्यालयको सेवा प्रवाहलाई समेत क्रमशः सूचना तथा प्रविधिमा आधारित बनाउँदै लगिनेछ ।
- योजना तथा बजेट तर्जुमा, बजेट तथा खर्च र प्रगति विवरण मासिक रुपमा सार्वजनिक गरिनेछ र प्रतिवेदन प्रणाली एकद्वार प्रणाली अनुसार व्यवस्थित गरिनेछ ।

## १.४. विकास व्यवस्थापन

- सूचनामा आधारित स्थानीय योजना तर्जुमा प्रक्रियालाई व्यवस्थित गर्न स्थानीय तहको नेतृत्वमा हुने सहभागितामूलक योजना पद्धतिमा सबै सेवा प्रदायक निकायहरु, वर्ग र समुदाय सहभागि हुने

व्यवस्था मिलाईनेछ ।

- नगरबाट सञ्चालन गरिने विकास कार्यक्रम/आयोजनाहरुको विस्तृत वार्षिक कार्यान्वयन तालिका बनाई कार्यान्वयन गरिनेछ । यसको अनुगमनको जिम्मेवारी स्थानीय सरकार संचान ऐन अनुसार गठन हुने अनुगमन तथा सुपरिवेक्षण समितिको हुनेछ ।

**१.५. लक्षित वर्ग तथा समुदायको सशक्तिकरण**

- सामाजिक सेवा प्रवाहलाई लक्षित वर्गको संलग्नता, क्षमता विकास र स्थानीय सुशासनको प्रमुख रणनीति तथा माध्यमको रुपमा प्रयोग गरिनेछ ।
- गरीब, महिला तथा अन्य लक्षित वर्ग र समुदायलाई बढी भन्दा बढी लाभ पुग्ने कार्यक्रम सञ्चालनमा जोड दिइनेछ ।
- बालमैत्री स्थानीय शासन कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा जोड दिइनेछ ।
- सामाजिक सुरक्षा कार्यक्रमलाई अझ सरल तथा प्रभावकारी बनाइनेछ तथा तेश्रो पक्ष तथा नागरिक समाजका संस्थाहरु परिचालन गरी यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गरिनेछ । सामाजिक सुरक्षा भत्ता वितरणलाई पारदर्शी र सर्वसुलभ वनाउन बैकिङ्ग प्रणाली मार्फत वितरण गर्ने व्यवस्था मिलाईने छ ।

**१.६. शान्ति सुरक्षा**

- नगर भित्र  शान्ति सुरक्षा कायम गर्न नगर भित्रको सार्वजनिक आवगमन सुव्यवस्थित गर्न र विभिन्न चाडपर्व, मेला, महोत्सव, प्रर्दशनी इत्यादिको व्यवस्थापन गर्न नगर प्रहरीको व्यवस्था गर्ने तथा सुरक्षा निकायसँग समन्वय गरिनेछ ।
- बढी अपराध हुने तथा दुर्घटना घट्ने ठाँउहरु पहिचान गरी उक्त स्थानहरुमा विशेष निगरानीको व्यवस्था मिलाइनेछ । नगरका मुख्य-मुख्य स्थान, चौक र धार्मिक ऐतिहासिक स्थलहरुमा सि.सि.क्यामरा मार्फत निगरानी हुने व्यवस्था मिलाइनेछ ।

**२. भौतिक पूर्वाधार**

आर्थिक तथा सामाजिक विकासको लागि पूर्वाधार विकास महत्वपूर्ण माध्यमको रुपमा रहेको छ । सडक तथा पुल, कल्भर्ट, विद्युत्, सञ्चार प्रणालीलाई समेटेर नगरको पूर्वाधार क्षेत्रको योजना तर्जुमा गर्नु परेको छ । स्थानीय सरकार संचालन ऐन २०७४ ले स्थानीयतहका साना पूर्वाधार विकासमा स्थानीय तहको भूमिका नेतृत्वदायी हुने कुरा उल्लेख गरेको छ ।

नगर क्षेत्रमा नयाँ वस्ती विकास भइरहेको भएता पनि वस्ती विकास योजना तयार भएको छैन र सो गर्नुपर्ने आवश्यकता छ । हाल विकास भै रहेका साना बजार क्षेत्रहरूमा समेत ढल निकासको व्यवस्था हुन सकेको छैन । सडक, ढल, विद्युत विस्तार, सिंचाई आवासका लागि यस नगरले देहाय बमोजिमका नीतिहरू अवलम्बन गर्नेछ ।

**२.१ पूर्वाधार विकास**

- केन्द्रस्तर, प्रदेश स्तर र स्थानीयस्तरका भौतिक पूर्वाधारको स्पष्ट वर्गिकरण गरी स्थानीय पूर्वाधार सम्बन्धी कार्यहरु संचालन गरिनेछ ।

- स्थानीय पूर्वाधार विकासमा जनसहभागिताको माध्यमबाट स्थानीय श्रोत, साधन र सीप परिचालन प्रणालीलाई थप प्रभावकारी बनाइनेछ ।
- स्थानीय पूर्वाधार निर्माणका लागि न्यूनतम मापदण्ड निर्धारण गरी सो को पालना गर्ने व्यवस्था गरिनेछ ।
- संभाव्यता अध्ययन, विस्तृत डिजाइन र लागत अनुमान गरेर वातावरणमैत्री भौतिक पूर्वाधारको निर्माण गरिनेछ ।
- निर्माणमा प्रयोग हुने सामग्री, निर्माण गरिने समय र त्यसमा संलग्न हुने मानव संसाधनको गुणस्तर सुनिश्चित गरी पूर्वाधार निर्माणको गुणस्तर पक्षमा सुधार गरिनेछ ।
- आयोजना मर्मत संभार र संचालनमा उपभोक्ता भेलाबाट छनोट भएको उपभोक्ता समितिलाई परिचालन गरी परियोजनामा स्थानीय समुदायको अपनपत्व वृद्धि गरिनेछ ।
- लागत सहभागितामा आधारित योजनालाई प्राथमिकता दिइनेछ ।
- उपभोक्ता समूहको नेतृत्व तहमा महिला तथा लक्षित वर्गको संलग्नता बृद्धि गरी उनीहरूको भूमिकालाई प्रभावकारी बनाइनेछ ।
- पूर्वाधार विकास आयोजनामा सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण मार्फत गुणस्तरको अनुगमन तथा जवाफदेहीता बृद्धि गरिनेछ ।

### २.२. सडक तथा यातायात

- सडक निर्माण कार्यमा स्तरोन्नति तथा मर्मत संभारमा प्राथमिकता दिइनेछ ।
- कृषि, शिक्षा र स्थास्थ्य सेवामा पहुँच अभिबृद्धि गर्ने सडकहरुको निर्माण र स्तरोन्नति गरिनेछ ।
- सडक किनारा र तलमाथि वायोइन्जिनियरिङ्गको कार्य अनिवार्य रुपमा संचालन गरिने छ । यसको लागि आयोजनाको निश्चित प्रतिशत रकम वायोइन्जिनियरिङ्ग कार्यमा छुट्याई खर्चगर्ने नीति लागू गरिनेछ ।
- ठूला मेशीनको प्रयोगलाई कम गर्दै सडक यातायात निर्माण कार्यमा श्रममूलक एवं स्थानीय रोजगारमूलक प्रविधि अपनाइनेछ ।
- नगरका सडकहरुमा सुरक्षित र सर्वसुलभ यातायात व्यवस्था सञ्चालन गर्न निजी वा सामुदायिक क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।

### २.३. विद्युत तथा वैकिल्पक उर्जा

- नगरका सम्पूर्ण घरधुरीहरूमा विद्युत लाईन पुऱ्याउने व्यवस्था मिलाईने छ ।

- विद्युत चोरी नियन्त्रणको कार्यक्रमहरुलाई प्राथमिकता दिइनेछ। उपभोक्ताहरुलाई बढि उत्तरदायी तथा जिम्मेवार बनाईनेछ।
- वढि दुर्घटना हुने स्थान तथा वढि मानिस आवागमन हुने मुख्य स्थान तथा सडकमा एवं चौकमा सौर्य सडक वत्तिको व्यबस्था मिलाईने छ।

२.३ .सूचना तथा संचार

- सूचना तथा संचारलाई विकास व्यवस्थापन र सुशासन प्रर्वधनको प्रमुख माध्यमको रुपमा परिचालन गरिनेछ।
- सुशासन, सामाजिक समावेशीकरण र सामाजिक उत्तरदायित्व सम्बन्धी जनचेतनामूलक कार्यलाई विशेष समय र प्राथमिकतामा राखिनेछ।
- संचार क्षेत्र र संचारकर्मीको क्षमता अभिबृद्धि गर्ने कार्यक्रमहरु संचालन गरिनेछ।
- संचारमाध्यमबाट नगरको ऐतिहासिक, पर्यटकीय, धार्मिक र पुरातात्विक क्षेत्रको प्रचार, प्रसार र सम्वर्द्धन हुने किसिमका सामाग्रीको उत्पादन तथा प्रसारण एवं प्रकाशनमा जोड दिईनेछ।
- पर्यटन विकास र प्रर्वधनमा सूचना तथा संचारलाई प्रमुख माध्यमको रुपमा विकास र उपयोग गरिनेछ ।

२.४. वस्ती तथा शहरी विकास र आवास तथा निर्माण

- भवन निर्माण आचार सहिंता परिपालना र नियमित अनुगमन गरिनेछ र यस सम्बन्धी जनचेतना बृद्धि गरिनेछ।
- व्यवस्थित शहरी विकासका लागि नगरका प्रमुख बजारकेन्द्रहरुलाई विशेष आर्थिक सम्भावना क्षेत्रको रुपमा विकास गर्न वस्ती विकास योजना एवं पूर्वाधारमा लगानी गरिनेछ।
- निर्माण कार्यहरुलाई सुरक्षीत, किफायती, वातावरणमैत्री बनाउन ध्यान दिइनेछ।
- छरिएर रहेका घर गाउँहरुलाई एकीकृत ग्रामीण बजारको रुपमा विकास गर्ने कार्य व्यवस्थित गरिनेछ
- नगरोन्मुख बजारहरुमा फोहोरमैला व्यवस्थापन, आधारभूत शहरी पूर्वाधार र सेवाको विकास गर्दै लगिनेछ।

## ३. सामाजिक विकास

सरल, सुरक्षित र सभ्य जीवनयापनको लागि शिक्षा अपरिहार्य छ। खेलकुद एकातिर बालबालिका लगायत अन्य उमेर समूहका मानिसहरू समेतको शारीरिक तथा मानसिक विकासका लागि आवश्यक छ भने अर्कातर्फ आधुनिक समयमा राष्ट्रको प्रतिष्ठा तथा सम्मान वृद्धि गर्ने साधनका रुपमा समेत खेलकुदको महत्व बढ्दै गएको छ। शिक्षा, खेलकुद, युवा तथा संस्कृतिलाई समेटेर शिक्षा क्षेत्रको एकीकृत योजना तर्जुमा गर्नु

परेको छ ।

**३.१. शैक्षिक विकास**

- विद्यालय छोड्ने दर बढी भएका विद्यालयहरू पहिचान गरी अतिरिक्त क्रियाकलाप, बालमैत्री शिक्षा लगायतका कार्यक्रमहरूको विस्तार गर्दै विद्यालयमा विद्यार्थीहरूको आकर्षण कायम राख्ने प्रयास गरिनेछ ।
- गैसस तथा समुदायमा आधारित संस्थाहरूसँग समन्वय कायम राखी विद्यार्थीहरूको विद्यालयमा नियमित उपस्थितिका लागि अभिभावहरूलाई प्रोत्साहन गरिनेछ ।
- विद्यालयमा बालमैत्री वातावरणको स्थापना र प्रवर्द्धनमार्फत् भर्ना दर तथा विद्यार्थी उत्तीर्ण दरमा वृद्धि र स्कूल छाड्ने दरलाई घटाउने प्रयास गरिनेछ ।
- न्यूनतम शैक्षिक वातावरणका मापदण्डहरू कार्यान्वयनमा ल्याई न्यूनतम शैक्षिक पूर्वाधारको सुनिश्चितता कायम गरिनेछ । यसका लागि आवश्यक स्रोतका लागि गैससहरूसँग समन्वय गरिनेछ ।
- शिक्षकहरूको क्षमता अभिवृद्धि गर्न तालिमका अवसरहरू प्रदान गरिनेछ ।
- विद्यार्थीहरूको विषयगत सिकाइ उपलब्धीलाई सम्बन्धित शिक्षकहरूको कार्यसम्पादन मापनको एक महत्वपूर्ण पक्षका रुपमा स्थापित गरिनेछ र कार्य सम्पादनलाई पुरस्कार र दण्डसँग आवद्ध गरिनेछ ।
- विद्यालय अनुगमन लगायतका शैक्षिक अनुगमन मूल्यांकनलाई नियमित र प्रभावकारी बनाउन शैक्षिक अनुगमन कार्यतालिका बनाई कडाइका साथ कार्यान्वयन गरिनेछ । यसका लागि नगर शिक्षा समितिलाई क्रियाशिल र जिम्मेवार बनाइनेछ ।
- विद्यार्थी केन्द्रित सिकाई विधिको प्रभावकारी रुपमा कार्यान्वयनमार्फत् सबै तहको शिक्षाको गुणस्तरमा सुधार ल्याइनेछ ।
- नगरलाई पूर्ण साक्षर नगरका रुपमा रुपान्तरण गर्न सबै सरोकारवालाहरूसँग सहकार्य गरी अभियान सञ्चालन गरिनेछ ।
- विद्यालयमा जातजाति, भाषा, लिङ्ग, धर्म, एच.आई.भी. सङ्क्रमणलगायत कुनै पनि आधारमा गरिने विभेदलाई पूर्णतः निषेध गरी विद्यालयहरूलाई विभेदरहित बनाइनेछ ।
- रिक्त दरबन्दीमा यथाशक्य छिटो पदपूर्ति गर्न केन्द्रसँगको समन्वय प्रभावकारी बनाइने छ तथा विद्यार्थी र शिक्षक संख्यामा समायोजन गरी उपलब्ध जनशक्तिबाट अधिकतम प्रतिफल प्राप्त गर्ने प्रयास गरिनेछ ।
- सबै विद्यालयमा कम्प्यूटर शिक्षाको लागि कार्य गरिने छ ।
- विद्यालयमा शैक्षिक वातावरण र गुणस्तर अभिबृद्धिका लागि कक्षा कोठा, फर्निचर, शौचालय (छात्रा र छात्रको लागि छुट्टाछुट्टै), खानेपानी सुविधा तथा साबुनको व्यवस्था मिलाइनेछ । सबै विद्यालयलाई वालमैत्री विद्यालयको रुपमा विकास गरिने छ ।

### ३.२. खेलकुद तथा व्यक्तित्व विकास

- स्वास्थ्यका लागि खेलकुद र सबैका लागि खेलकुदको अवधारणा अनुरुप खेलकुद प्रतियोगिताहरु संचालन गरिनेछ ।
- विद्यमान भौतिक पूर्वाधारको संरक्षण, सम्बर्धन तथा विकास गर्दै थप भौतिक पूर्वाधारको निर्माण गरिनेछ ।
- खेलाडीहरुको व्यवसायिक क्षमता र सीप विकासका लागि प्रोत्साहनमूलक कार्यक्रम संचालन गरिनेछ ।
- क्याम्पस, विद्यालय, युवा क्लब र सार्वजनिक संस्थाहरुलाई खेलकुद प्रतियोगिताहरु संचालन गर्न प्रेरित गरिनेछ ।
- नगरमा सुविधा सम्पन्न खेल मैदान निर्माणका लागि पहल गरिनेछ ।

### ३.३. युवा

- शिक्षा तथा क्षमता अभिबृद्धि कार्यक्रम मार्फत युवा उद्यमशिलता तथा स्वरोजगारीमा अभिबृद्धि गरिनेछ ।
- समाजमा विद्यमान अशिक्षा, छुवाछुत, जातिय विभेद, लैंगिक हिंसा तथा अमानवीय कार्यहरुको न्यूनीकरणमा युवाहरुलाई परिचालन गरिनेछ ।
- खेलकुद, जीवनपयोगि सीप, योग तथा व्यक्तित्व विकास सबन्धी कार्यक्रम मार्फत युवाहरुलाई दुर्व्यशन तथा कुलतबाट मुक्त गर्ने प्रयास गरिनेछ ।
- युवालाई नगर विकासको प्रमुख माध्यमको रुपमा परिचालन गर्न विशेष कार्यक्रम तथा सम्बन्धित कार्यक्रममा विशेष प्राथमिकता प्रदान गरिनेछ ।
- वैदेशिक रोजगारीमा जाने युवाहरुलाई लक्षित गरी स्वदेशमै हुने रोजगारीको लागि परामर्श सेवाको व्यवस्था गरिने छ ।

### ३.४ साहित्व, कला तथा संस्कृति

- विद्यालयमा संचालन हुने अतिरिक्त क्रियाकलापहरूमा स्थानीय भाषा, कला, संगीत, संस्कृति तथा साहित्यको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।
- साँस्कृतिक, ऐतिहासिक तथा पुरातात्विक महत्वका सम्पदाहरुको समुदायमा आधारित प्रणाली अनुसार संरक्षण, सम्बर्धन र व्यवस्थापन गरिनेछ ।
- साँस्कृतिक, ऐतिहासिक तथा पुरातात्विक महत्वका सम्पदाहरु संरक्षण र प्रवर्धनलाई पर्यटन विकासको एक अभिन्न कार्यक्रमको रुपमा विकास गरिनेछ ।

## ४. स्वास्थ्य तथा जनसंख्या

जनसंख्या (मानवस्रोत) जस्तै जनस्वास्थ्यको पनि समाजको समग्र विकासमा प्रत्यक्ष सम्बन्ध रहेको हुन्छ । कुनै पनि नागरिकले उसको आफ्नो जीवन, परिवार, समाज र राष्ट्रका लागि कुनै पनि योगदान गर्नका लागि उसको स्वास्थ्य पूर्वशर्तका रुपमा रहन आउँछ । मानव स्वास्थ्य जीवनस्तर मापनका विभिन्न आयामहरूमध्ये एक प्रमुख आयाम समेत हो ।

स्वास्थ्यसम्बन्धी नीति तर्जुमा गर्ने क्रममा नागरिकहरूको स्वास्थ्य सेवामा पहुँच र उपयोग, स्वास्थ्य सेवा प्रवाहको स्थिति, गम्भीर प्रकृतिका रोगहरू क्यान्सर, मुटु रोग, मधुमेह, दम, मृगौला रोग, छारे रोग, रक्तचाप, लागूऔषध दूर्व्यसनी, मातृशिशु स्वास्थ्य प्रमुख प्राथमिक क्षेत्रको रुपमा अघि आउँछन् । यसका अलावा प्रजनन् स्वास्थ्य, झाडापखाला, श्वासप्रश्वास सम्बन्धी समस्या, एच.आई.भी/एड्स, यौन रोगहरू प्रमुख रहेका छन् । नेपालको संविधानले नागरिकको आधारभूत स्वास्थ्य सेवा पाउने हकलाई सुनिश्चित गरेको छ । जनसंख्या तथा स्वास्थ्य सम्वन्धमा देहायका नीतिहरु अवलम्वन गरिने छ ।

### ४.१. जनसंख्या तथा स्वास्थ्य

- पिछडिएका स्थानमा विशेष सेवासहितको घुम्ती स्वास्थ्य सेवा संचालन गरी नागरिकको स्वास्थ्य पहुँचलाई थप सहज बनाइने छ ।
- निशुल्क र सुरक्षित प्रसुति सेवा विस्तार गरी प्रसुति अघि र पछि स्वास्थ्य सेवा लिन प्रोत्साहन गरिनेछ ।
- स्वास्थ्य सेवा प्रवाह र उपयोगमा सरकारी, नीजि, सहकारी, सामुदायिक तथा विकासका साझेदार संस्थाहरुसँग सहकार्य अभिबृद्धि गरिनेछ ।
- स्थानीय स्रोत परिचालन गरी स्थानीय स्वास्थ्य संस्थाहरूको पूर्वाधार, क्षमता र सेवा विस्तार गरिनेछ ।
- सार्वजनिक-निजी साझेदारी तथा अन्तरक्षेत्र समन्वयमा अभिवृद्धि गरी स्वास्थ्य क्षेत्रका लागि आवश्यक जनशक्ति, भौतिक सुविधा र औषधि उपकरणको न्यूनता कम गरिनेछ ।
- सूचना, शिक्षा तथा सञ्चारसम्बन्धी कार्यक्रमहरू प्रभावकारी रुपमा सञ्चालन गरी आम नागरिकको पोषण तथा स्वास्थ्य सम्बन्धी सोच र व्यवहार परिवर्तनमा जोड दिइनेछ ।
- स्वास्थ्य क्षेत्रमा संलग्न स्थानीय गैससहरूको परिचालन तथा विद्यालयमार्फत् स्वास्थ्यसम्बन्धी प्रवर्द्धनात्मक र प्रतिरोधात्मक कार्यक्रमहरू सञ्चालन गरी जनचेतना अभिवृद्धिको कामलाई थप प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।
- विद्यालयमा किशोरी शिक्षा तथा प्रजनन् स्वास्थ्य, एच.आइ.भी./एड्स, धूमपान, मद्यपान र लागू औषधसम्बन्धी सचेतना र परामर्श कार्यक्रमहरू नगरव्यापी र निरन्तररुपमा सञ्चालन गरी जोखिममा रहेका जनसंख्याको व्यवहार परिवर्तनमा जोड दिइनेछ ।

- स्वास्थ्यकर्मीहरूको दक्षता तथा उत्प्रेरणा अभिवृद्धिमा जोड दिई स्वास्थ्य सेवालाई थप गुणस्तरीय बनाइनेछ ।
- परिवार नियोजनका साधनको प्रयोग, जनसंख्या शिक्षा र चेतनाको अभिवृद्धिबाट जनसंख्या वृद्धिदरलाई व्यवस्थापन गरिनेछ ।
- महिला स्वास्थ्य स्वयम्सेविका तथा आमा समूहहरूको क्षमता विस्तार गर्दै स्थानीयस्तरको स्वास्थ्य सञ्जालको क्षमता अभिवृद्धि गरिनेछ ।
- उच्च जोखिमा परेका नागरिकको पोषणमा सुधार ल्याउन सुनौलो हजार दिन जस्ता वहुक्षेत्रीय पोषण कार्यक्रम संचालन गरिनेछ ।

## ४.२. खानेपानी तथा सरसफाई

स्वच्छ खानेपानी तथा सरसफाई स्वस्थ जीवनका लागि अपरिहार्य आवश्यकता हो । खानेपानी आपूर्ति, सरसफाइ, फोहोर व्यवस्थापन, ढल निकासलगायतका विषय कुनै पनि विकसित समाजको आधारभूत आवश्यकता समेत हुन् । नगरमा स्वच्छ खानेपानी आपूर्तिको सवाल बढी महत्वपूर्ण देखिन्छ। खानेपानी सेवाबाट विमुख समुदायमा यथाशक्य छिटो नयाँ खानेपानी आयोजना व्यवस्था गरी नगरका सबै घरधुरीमा नियमित रुपमा स्वच्छ र पर्याप्त खानेपानी आपूर्तिको सुनिश्चित गर्नु वर्तमानको आवश्यकता भएको छ ।

सरसफाई तर्फ यस नगरलाई खुल्ला दिसामुक्त घोषणा गर्न मात्र बाँकी रहेको छ र सो कार्य विविध कारणले रोकिएको भएता पनि यस सम्बन्धमा चाँडै निर्णयमा पुग्नपर्ने जरुरत देखिन्छ । यसैगरी फोहोरमैला व्यवस्थापन तथा ढलको व्यवस्था शुरुवात सम्म हुन सकेको छैन । यसर्थ नगरमा खानेपानी तथा सरसफाई तर्फ देहाय अनुसारका नीति अवलम्वन गरिने छ ।

- पानी मुहानको संरक्षणका लागि स्थानीय वासिन्दालाई प्रोत्साहन गरिनेछ ।
- व्यक्तिगत तथा घरायसी सरसफाइमा वृद्धि गर्न जनचेतनामूलक कार्यक्रमहरूको विस्तार गर्दै चर्पीको प्रयोग गर्न आव्हान गरिने छ ।
- स्थानीय जनसभागितामा स्यानेटेरी ल्यान्डफिल साइट खोजी गरी फोहर मैला व्यवस्थापन गरिनेछ ।
- खानेपानी तथा सरसफाइ सेवालाई अभियानका रुपमा सञ्चालन गर्न खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिलाई थप क्रियशाली बनाइनेछ ।
- न्यूनतम खर्चमा सार्वजनिक शौचालयको व्यवस्थापन गर्ने विधि पहिचान गरी स्थानीयसँग सहकार्य गरिनेछ ।
- खानेपानीका परम्परागत स्रोतहरूको संरक्षण गरी दीगो व्यवस्थापनमा विशेष ध्यान दिइनेछ ।

- खानेपानी तथा सरसफाइ सेवा विस्तारका लागि नपुग स्रोत पूर्ति गर्न निजी क्षेत्र, गैरसरकारी क्षेत्र, समुदायमा आधारित संस्थालगायत अन्य सरोकारवालाहरूसँग समन्वय गरिनेछ ।
- खानेपानी तथा सरसफाइ निर्माण र उपयोगमा वातावरणमैत्री एवम् जलवायु परिवर्तन अनुकूलन हुने व्यवस्थालाई प्रोत्साहन गरिनेछ ।

**४. महिला, बालबालिका तथा लक्षित वर्ग**

नेपाल लगायत विकासोन्मुख मुलुक र समाजमा महिला, बालबालिका तथा सीमान्तिकृत समुदायहरु विकासको मूलप्रवाहबाट सामान्यतया बाहिर रहेको पाइन्छ । महिला, बालबालिका, दलित, जनजाति, वृद्धवृद्धा, अपाङ्ग भएका व्यक्ति, हरुवाचरुवा लगायतका वर्ग समाजमा विभिन्न कारणले पछि परेको छन् । राष्ट्रिय, अन्तर्राष्ट्रिय ऐन, कानून तथा मानव अधिकारका दृष्टिकोणबाट हेर्दा महिला तथा वालवालिकाहरु सम्मानित जीवनयापन गर्न पाउने सबैको समान हकबाट समेत वञ्चित भएको पाईन्छ । महिला, बालबालिकालगायत लक्षित समुदायका लागि राज्यले समतामूलक नीतिहरू तर्जुमा गरी कार्यान्वयन गरिरहेको छ । यद्यपि उनीहरुको स्थितिमा उल्लेख्य रुपमा सुधार हुन सकेको छैन ।

महिला तथा बालबालिका विरुद्ध समाजमा लिङ्गमा आधारित, अपाङ्गतामा आधारित, धर्ममा आधारित, जात/जातिमा आधारित, एचआइभी सङ्क्रमित वा प्रभावित भएका आधारमा, वर्गमा आधारित तथा दाईजो तथा अन्धविशवास, बोस्सीडाईन भनेर विभिन्न घटनाहरु घट्ने गरेको पाइन्छ । बालबालिकाको हित कुण्ठित हुने खालका केही अभ्यासहरूसमेत नगरमा विद्यामान पाइन्छ । वाल विवाह नगरको प्रमुख समस्याको रुपमा रहेको छ । महिला माथि हुने हिंसा एवं अन्ध विश्वास र कुरिती नगरको अर्को समस्या हो । महिला, बालबालिका तथा लक्षित वर्गका लागि नगरपालिकाले देहायका नीति अवलम्वन गर्ने छ ।

- महिला हिंसा गर्ने, वालविबाह गर्ने, चेलिबेटी एवं मानव बेचविखन गर्ने, बालश्रम शोषण गर्ने, वोक्सी डाईन भनी अपमानीत व्यवहार गर्ने तथा जातीय विभेद गर्नेलाई सामाजिक रुपमा बहिष्कार गर्दै मानव विरोधिको घोषणा गरी कानूनको दायरामा ल्याइनेछ ।
- क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम तथा चेतनामूलक कार्यक्रमहरुको निरन्तर सञ्चालन गरी बञ्चितिमा परेका समुदायहरुलाई मूलप्रवाहीकरण गरिनेछ ।
- स्थानीय शासनका सबै तह र प्रक्रियामा विपन्न तथा वञ्चितिमा परेका वर्ग तथा समुदायको प्रतिनिधित्व सुनिश्चित गरिनेछ ।
- लक्षित समुदायहरुको सामाजिक तथा आर्थिक उत्थानका लागि विभिन्न सरकारी, निजी एवम् गैरसरकारी क्षेत्रसँग समन्वय गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

- लक्षित समुदायहरुको सशक्तीकरण तथा सामाजिक सुरक्षाका लागि क्षमता अभिवृद्धि, रोजगारी तथा चेतनामूलक कार्यक्रमहरु अभियानकै रुपमा सञ्चालन गरिनेछ ।
- लैङ्गिक उत्तरदायी बजेट विनियोजन सुनिश्चित गरी कार्यक्रम सन्चालन गरिनेछ ।
- लक्षित समुदायको परम्परागत सीप, भाषा र संस्कृतिको संरक्षण, सम्वर्द्धन तथा विकासका लागि सम्वन्धित समुदायकै अग्रसरतामा विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- आमा समूह, महिलासँग सम्बन्धित सहकारी तथा गैरसरकारी संस्था र महिला समूहको सक्रिय संलग्नतामा कार्यक्रम सन्चालन गरिनेछ ।
- नगरमा अपाङ्गता भएका व्यक्ति लगायत लक्षित वर्गको तथ्याङ्क नियमितरुपमा अद्यावधिक गरिनेछ ।
- बालमैत्री स्थानीय शासनका लागि नगरपालिका तथा अन्य गैरसरकारी संघ संस्थाहरुसँगको सहकार्यलाई अझ मझवुत वनाई यसै आर्थिक वर्ष भित्र सबै वडाहरुको सूचकहरु पुरा गर्न पहल गरिने छ ।
- वालमैत्री स्थानीय शासन घोषणा भएको १ नं. वडाको निरन्तरता र सुनिश्चितताको लागि अनुगमन तथा सुपरिवेक्षण कार्यलाई प्रभावकारी वनाईनेछ ।

**५. आर्थिक विकास**

**१कृषि, सिंचाइ तथा पशुपालन**

यो नगर कृषि तथा पशुपालन व्यवसायिकरणका लागि प्रर्याप्त सम्भावना र अवसर भएको नगरको रुपमा रहेको छ । नगरमा खाद्यान्न, दलहन, तेलहन, फलफूलका अतिरिक्त च्याउ, मह, उखु, पिंडालु, तरुल, सखरखण्ड लगायतका बालीहरू समेत व्यवसायिकरुपमा उत्पादन गर्न सकिने सम्भावना रहेको छ ।

विभिन्न सम्भावना तथा अवसरहरु हुँदाहुँदै पनि नगरको कृषी प्रणाली व्यवसायिक हुन सकेको छैन । विद्यमान समस्याहरूको समाधान र उपलब्ध सम्भावना र अवसरको अधिकतम उपयोग गर्दै नगरमा कृषी तथा पशुपालन पेशालाई व्यवसायिक, प्रतिस्पर्धी तथा मर्यादित बनाउनु पर्ने खाँचो देखिएको छ ।

नगरमा पशुपालनका लागि राम्रो सम्भावना रहेको छ । चरन क्षेत्रका लागि पर्याप्त जग्गा जमीन भएकाले उन्नत नश्लका गाई, भैंसी पालन गर्न सकिन्छ भने उचित चरिचरण, पोषिलो डालेघाँस र बजारको राम्रो सम्भावना भएका कारण बाख्रापालन व्यवसायलाई व्यवसायीकरण गर्न सकिने प्रर्याप्त सम्भावना रहेको छ । विद्यमान यस अवस्थामा पशुपालन व्यवसायलाई प्राथमिकताका साथ लक्षित कार्यक्रमहरु सञ्चालन गरी अघि बढाउन सकेको खण्डमा थप रोजगारीका अवसर तथा आम्दानीमा समेत पर्याप्त वृद्धि गरी कृषकहरुको जीवनस्तरमा सुधार गर्न सहयोग गर्न सकिने सम्भावना रहेको छ । कृषि विकास तथा पशुपंक्षी विकास लागि नगरपालिकाले देहाय वमोजिमको नीति अवलम्वन गर्ने छ ।

## ५.१. कृषि विकास तथा पशुपंक्षी विकास

- कृषिक्षेत्रलाई व्यवसायिकरण, विविधिकरण गरी रोजगारका अवसर बढाउन सरकारी, गैरसरकारी एवं निजी क्षेत्रमा दक्ष जनशक्ति विकास गरी लक्षित क्षेत्र एवं वर्गको आर्थिक उत्थान गरिनेछ ।
- खेतीयोग्य खाली जमिनलाई कृषि उत्पादन तथा पशुपालनमा उपयोग गर्न स्थानीय वासिन्दा खासगरी युवा वर्गलाई प्रोत्साहन गरिनेछ ।
- माटोको उर्वरा शक्ति दीर्घकालिन रुपमा कायम राख्न भकारो सुधार कार्यक्रमलाई नमूना कार्यक्रमको रुपमा सञ्चालन गरिने छ ।
- स्थानीय तहका कार्यालय, गैसस, नीजि क्षेत्रसँग आवश्यक समन्वय एवं छलफल गरी कृषि क्षेत्रको एकीकृत तथ्याङ्कको आधार तयार गरी अद्यावधिक गरिनेछ र तथ्याङ्कमा आधारित योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन प्रणलीको विकास गरिनेछ ।
- युवाशक्तिलाई उपयुक्त प्रविधि, सीप र पूँजि उपलब्ध गराई कृषि क्षेत्रमा आकर्षित गरी कृषि पेशालाई व्यसायिक र सम्मानित बनाइनेछ ।
- माछा, च्याउ, आँप तथा उच्चमूल्यका बालीहरूलाई विषेश प्राथमिकता दिई सेवा, प्रविधि र क्षमतामा लगानी बढाइनेछ ।
- बीज वृद्धि कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गरी कृषक समुह तथा कृषी सहकारीहरूलाई नै बीउ स्रोत केन्द्रको रुपमा विकास गरिनेछ ।
- कृषि व्यवसायीकरणका लागि अगुवा कृषक विकास, आधुनिकरण र यान्त्रिकीकरण गर्न जोड दिइनेछ ।
- उन्नत नश्लका पशुपंक्षीको उपलब्धता सरल र सुलभ तुल्याउनुको साथै कृत्रिम गर्भाधान सेवा विस्तार गर्दै लगिनेछ ।
- उन्नत जातको पशुपालन व्यवसायिक रुपमा प्रवर्द्धन गरी दूध, मासु, अण्डा र अन्य पशुजन्य उत्पादन वृद्धि गरिनेछ ।
- पशु आहारमा सुधार ल्याउन विभिन्न घाँसेवाली, पशु चरण तथा डालेघाँसको सम्वर्द्धन गर्ने नीति अवलम्वन गरिनेछ ।
- नगरमा सम्भाव्य कृषि बाली तथा पशुपालन पकेट क्षेत्रहरूको अध्ययन गरी पकेट क्षेत्रमा सम्बन्धित कृषि बाली/पशुपालनको व्यवसायिक विकासमा विशेष ध्यान दिइनेछ ।

## ५.२. सिंचाई

- साना सिंचाईका लागि नीजि तथा सहकारी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।

- सिंचाई आयोजनाहरुको डिजाइन तथा कार्यान्वयनमा स्थानीय श्रम, सीप, प्रविधि र निर्माण सामग्रीको प्रयोगमा जोड दिइनेछ ।
- सिंचाई कार्यक्रम संचालन गर्दा स्थानीय वातावरणमैत्री, तालतलैया, पोखरी, सिमसार र मूलहरुको संरक्षण र सम्बर्धन गर्न सम्बन्धित तहसँग समन्वय र सहकार्य गरिनेछ ।
- सिंचाई सम्बन्धी आयोजनाको तर्जुमा, कार्यान्वयन तथा संचालन गर्दा वातावरण संरक्षण, जलवायु परिवर्तन तथा प्रकोप जोखिम व्यवस्थापनलाई ध्यान दिईनेछ ।
- एक गाउँ एक पोखरी निर्माणलाई प्राथमिकतामा राखिनेछ ।

## ६. उद्योग, वाणिज्य, बैंकिङ तथा सहकारी

औद्योगिक विकास कुनै पनि देश तथा क्षेत्रको आर्थिक समृद्धिको मेरुदण्ड भएको हुँदा नगरको आर्थिक तथा सामाजिक उन्नतिका लागि औद्योगिक विकास जरुरी छ । नगरको अर्थतन्त्र ग्रामीण उत्पादनमुखी रहेको र निर्वाहमुखी रहेको छ । नगरमा ठूला उद्योगहरूको विकास नहुँदा उत्पादनशिल युवाशक्तिको लागि नगरभित्र पर्याप्त रोजगारको अवसर सिर्जना हुन सकेको छैन । नगरको धेरै जस्तो जनसंख्या ग्रामीण क्षेत्रमा बसोबास गरेको र ग्रामीण अर्थतन्त्र मूलतः निर्वाहमूखि रहेको छ। यस अवस्थामा उपलव्ध गराएको सेवा, सुविधा सदुपयोग गर्दै लगानीकर्तालाई स्थानीय स्रोतहरूको परिचालनमा आकर्षण गर्दै औद्योगिक विकासमार्फत् स्थानीयस्तरमा रोजगारीको सिर्जना गर्नु नगरको आवश्यकता हो ।

पूर्व पश्चिम राजमार्ग तथा सगरमाथा राजमार्गले २० कि.मि.जति गन्तव्य तय गरी यातायातको सुविधा उपलव्ध भएको नगर भएको भएतापनि औद्योगिकरण कमजोर रहेको छ । केही मात्रामा नगरमा ईट्टा तथा सेवा उद्योग एवं कृषि तथा वन क्षेत्रमा आधारित घरेलु तथा साना उद्योगहरू संचालनमा रहेका छन् । उद्योग, वाणिज्य तथा सहकारी क्षेत्रमा रहेको सम्भावनाहरुलाई मध्येनजर गर्दै नगरपालिकाले देहाय बमोजिमका नीतिहरू अवलम्बन गर्नेछ ।

### ६.१. उद्योग

- लघु, घरेलु तथा साना उद्योगको प्रवर्द्धन, विकास र विस्तारमा योगदान पुऱ्याउन आवश्यक कानूनी व्यवस्था, संस्थागत संरचना तथा पूर्वाधारहरूको निर्माणमा विशेष पहल गरिनेछ ।
- तालिम प्राप्त उद्यम विकास सहजकर्ता तथा सीपमूलक तालिम प्राप्त जनशक्तिको पहिचान र परिचालन गरी स्थानीयस्तरको लघुउद्यम तथा साना र मझौला उद्यमको सुदृढीकरण, शसक्तिकरण र प्रवर्द्धन गरिनेछ ।

### ६.२. व्यापार तथा व्यवसाय

- नियमित बजार अनुगमनको माध्यमद्धारा व्यापार तथा व्यवसायलाई गुणस्तरीय र व्यवसायिक बनाइनेछ ।
- सडक तथा यातायातको सुविधा विस्तारसँगै व्यवसाय विस्तार गर्न प्रवर्धनात्मक कार्यक्रम संचालन गरिनेछ ।

- व्यापार र व्यवसाय विकास तथा प्रवर्धनसँगै कर तथा सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ ।

### ६.३. बैंकिङ तथा सहकारी

- नगरक्षेत्रमा एक वाणिज्य वैक वा वित्तिय संस्था स्थापना गर्ने व्यवस्था मिलाई प्रभावकारी संचालनमा जोड दिइनेछ ।
- लघु उद्यमी व्यवसायिक सहकारीको विकास गरिनेछ ।
- बैंक तथा वित्तीय क्षेत्रबाट संकलित पूँजि उत्पादनमूलक क्षेत्रमा परिचालन गर्न जोड दिईने छ ।
- सहकारीको विकासमा गैरसरकारी संघ संस्थाहरु र अन्य सरकारी कार्यालयहरूको समन्वयमा विभिन्न कार्यक्रमहरू संचालन गरिनेछ ।
- सबै वडामा बैंक तथा वित्तीय क्षेत्रको उपस्थिति सघन बनाइनेछ ।

### ७. वन, भूसंरक्षण तथा जैविक विविधता

दीगो विकासको खट्किँदो र बढ्दो आवश्यकता सबैतिर महसुस भइरहेको वर्तमान समयमा वातावरण व्यवस्थापनको महत्व उच्च रहेको छ । बढ्दो जनसंख्या तथा उपभोगका कारण प्राकृतिक स्रोतमा निरन्तर चाप वृद्धि भइरहेको छ । ग्रामीण क्षेत्रमा दैनिक ऊर्जाको स्रोत, पशुपालनका लागि आहाराको स्रोत, औषधी निर्माणका लागि कच्चा पदार्थको स्रोत, फर्निचर लगायत घरेलु आवश्यकताका सामग्रीको स्रोत तथा दैनिक जीविकोपार्जनका अरु अनेकन् आयामहरूमा वनजन्य पैदावरको प्रयोग बढ्दो र वनमाथिको चाप तीव्र गतिमा बढ्दै गएको छ। फलस्वरुप वातावरणीय सन्तुलनमा ह्रास आई विश्वव्यापी उष्णता, जलवायु परिवर्तन जस्ता गम्भीर चुनौतिहरू विश्वभरि बढ्दै गएको छ ।

नगरमा पहिचान गरिएका जलाधार क्षेत्रहरूमा उचित जलाधार व्यवस्थापन कार्यक्रम सञ्चालन गरी भूक्षय, बाढी, पहिरो जस्ता समस्याहरूको समाधान गर्नुका साथै जलाधार क्षेत्रको जग्गाको उत्पादकत्व संरक्षण तथा भौतिक पूर्वाधारहरूको संरक्षण र वातावरणीय सेवामा सुधार ल्याउनु पर्ने आवश्यकता छ । वातावरणीय प्रदुषण तथा अन्य समसामयिक वातावरणीय समस्याहरूको समाधान गरी दीगो विकासमा टेवा पुर्‍याउनुपर्ने आवश्यकता रहेको छ । वन, भूसंरक्षण तथा जैविक विविधतामा देहाय वमोजिमका नीति अवलम्वन गरिनेछ ।

- स्थानीय समुदाय तथा अन्य सरोकारवालाहरूसँग सहकार्य, समन्वय गर्दै वन अनुगमनलाई नियमित तथा प्रभावकारी बनाई जडिवुटी, गैरकाष्ठ तथा काष्ठ वनपैदावर चोरी निकासी तथा वन माथिको अतिक्रमण कम गरिनेछ ।
- वनस्रोतको बहुउपयोग मार्फत् जीविकोपार्जनमा सहयोग पुर्‍याउँदै वनप्रति स्थानीय समुदायको अपनत्वभाव वृद्धि गरिनेछ । वन, जलाधार तथा जैविक विविधता व्यवस्थापनमा सहभागितामुलक पद्धती अवलम्बन गरी समग्र वन र वातावरण व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ ।
- जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरी वनको फडानी तथा खोरीया फडानीलाई न्यूनीकरण गरिनेछ ।
- वनको पर्यावरणीय महत्वको बारेमा सजग समुदाय निर्माण गर्न प्रयास गरिनेछ । यसका लागि गै.स.स.हरूसँग समन्वय गरी सामाजिक परिचालनको कामलाई बढी प्रभावकारी बनाइनेछ ।
- वैकल्पिक ऊर्जाको अधिकतम प्रयोग गर्दै वन, वातावरण संरक्षणमा सुधार ल्याइने खालको कार्यक्रमहरू प्रवर्द्धन गरिनेछ । धुवाँरहित भान्सा घर सम्बन्धी कार्यक्रमहरूलाई अभियानका रुपमा नगरभरि विस्तार गरिनेछ ।

- चुरे क्षेत्रको संरक्षण, जैविक विविधता, पर्यवरणीय सेवा तथा जलवायु परिवर्तनलाई सम्बोधन गर्न जैविक मार्ग, आदीको पहिचान, वर्गीकरण र उपयुक्त व्यवस्थापन गरिनेछ ।
- वन तथा वातावरण क्षेत्रको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कलाई समावेशी, सहभागितामूलक पारदर्शी र जवाफेही बनाइनेछ ।
- विकास व्यवस्थापन प्रक्रियामा वातावरणमैत्री स्थानीय शासन अवधारणालाई मूलप्रवाहिकरण गरिनेछ ।

## ८. विपद् जोखिम व्यवस्थापन

हालका वर्षहरूमा विपद्को अवस्था बढ्दै गएको महसुस गरिएको छ । आगलागी, वाढी तथा शीत लहर नगरमा प्रमुख पहिचान गरिएको समस्याहरू हुन । यस्ता समस्याको समाधान गर्नुका साथै जलाधार क्षेत्रको जग्गाको उत्पादकत्व संरक्षण तथा भौतिक पूर्वाधारहरूको संरक्षण र वातावरणीय सेवामा सुधार ल्याउनु पर्ने आवश्यकता छ। वातावरणीय प्रदुषण तथा अन्य समसामयिक वातावरणीय समस्याहरूको समाधान गरी दीगो विकासमा टेवा पुऱ्याउनु पर्ने टड्कारो छ । विपद् जोखिम व्यवस्थापन क्षेत्रमा देहाय बमोजिमका नीतिहरू अवलम्बन गरिनेछ :

- विपद्सम्बन्धी तथ्य, तथ्याङ्कहरुलाई व्यवस्थित गर्न योजना छनौट, कार्यान्वयन तथा अनुगमनसम्मका सबै चक्रहरुमा विपद्का कारण हुन सक्ने क्षतिको भौतिक तथा आर्थिक मूल्य समेतको विश्लेषण गर्ने पद्धतिलाई संस्थागत गर्दै लगिनेछ ।
- भौतिक पूर्वाधार (सडक, खानेपानी, सिंचाई, भवन निर्माण आदि) निर्माण सम्बन्धी योजना सञ्चालन गर्दा वातावरण संरक्षण तथा जोखिम न्यूनीकरणका लागि आवश्यक बजेट सम्वन्धित योजनाको लागतमै अनिवार्यरुपमा समावेश गर्ने नीति अबलम्बन गरिनेछ ।
- सबै वडामा विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।
- नगरपालिकामा विपद् व्यवस्थापन कोष स्थापना र सञ्चालन गरी आकस्मिक प्रतिकार्य गर्ने क्षमता अभिवृद्धि गरिनेछ ।
- विपद् व्यवस्थापनमा क्रियाशिल संघ संस्थाहरूबीच निरन्तर समन्वय कायम गरिनेछ ।
- विपद् व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धि मार्फत् व्यक्तिगत, पारिवारिक तथा सामुदायिक पूर्वतयारीमा जोड दिइनेछ ।
- नगरस्थित संपूर्ण सुरक्षा निकायलाई उद्धार सामग्री प्रदान गरी सक्षम तुल्याइनेछ ।
- भौतिक पूर्वाधारहरुको निर्माण गर्दा वातावरणमैत्री हिसावले गरिनेछ ।

**आदरणीय सदस्यज्युहरु**

माथि उल्लेखित नीति तथा कार्यक्रम आर्थिक, सामाजिक, भौतिक विकास तथा सुशासन कायम गर्न पर्याप्त हुने अपेक्षा गर्दछु । प्रथम नगर सभा भएकाले यी नीति तथा कार्यक्रम आगामी दिनको लागि मार्गदर्शनको रुपमा रहने अपेक्षा गर्दछु । प्रस्तुत नीति तथा कार्यक्रमले नगरको वार्षिक योजना निर्माण गर्न स्रोत र साधनले भ्याए सम्म वजेट व्यवस्था हुने र सबै क्षेत्रको लागि समानुपातिक रुपले सम्वोधन हुने अपेक्षा गर्दछु । नगरपालिकाको प्रथम नगरसभाले तय गरेको गन्तव्यहरुलाई पुरा गर्न नगरसभाका सबै सदस्यज्यूहरुको पूर्ण सहकार्य र सहयोग रहने अपेक्षा गर्दै सम्वोधन यही अन्त गर्दछु ।

धन्यवाद<br>
मुक्तिनाथ चौधरी<br>
नगर प्रमुख